

# माटोको सुधारिएको चुलोको विकासमा जैविक ऊर्जा सव-कम्पोनेन्ट

## सुधारिएको चुलो

सुधारिएको चुलो दाउराको खपत घटाउने, चुलोको कार्यदक्षता बढाउने, खाना छिटो पकाउने र घर भित्रको धुवाँ कम गर्ने सबैभन्दा सस्तो र सरल प्रविधि हो । यसमा आगोलाई खेर जान नदिई इन्धनलाई राम्ररी बल्ने व्यवस्था मिलाईएको हुन्छ, जसले गर्दा दाउराको खपत घट्ने र दाउराको संकलन तथा खाना पकाउने समयको बचत हुन्छ । घरभित्र हुने धुवाँमा पनि कमी आउँछ । हाल माटो र फलामले बनेका विभिन्न किसिमका सुधारिएको चुलो प्रचलनमा छन् । यो चुलो विशेष गरी घरभित्र बढी समय बिताउने महिला, बालबच्चा तथा पाका उमेरका व्यक्तिहरूको स्वास्थ्यमा पर्ने प्रतिकूल असरलाई न्यून गरी स्वास्थ्यमा हुने खर्च घटाउन समेत उपयोगी देखिएको छ ।

## माटोको सुधारिएको चुलोका प्रकारहरू

यो गाउँघरमा नै पाइने माटो, भूस गोबर र फलामे डण्डी प्रयोग गरी तालिम प्राप्त व्यक्ति (स्टोभ मास्टर) ले कम खर्चमा सजिलै बनाउन सक्छन् । यसमा दाउरा बल्न सजिलो हुने गरी आवश्यक हावा जाने ठाउँ हुन्छ र धुवाँ बाहिर जान चिम्नीको व्यवस्था गरिएको हुन्छ । यसमा आगो खेर जान नदिन विशेष सतर्कता अपनाइन्छ, जसले गर्दा दाउराको खपतमा करिव आधा जति कम हुन्छ भने धुवाँ धेरै हदसम्म नियन्त्रण हुन्छ । हाल वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्रले निम्न प्रकारका सुधारिएको माटोको चुलो प्रवर्द्धन गर्दै आइरहेको छ ।





### एक मुखे चुलो

यो चुलो सानो (४-५ जना) परिवारको लागी उपयुक्त हुन्छ । यसलाई घरमा पालिएका पशुहरुको लागि कुँडो (खोले) पकाउन, भोज भतेर आदि विशेष अवसरमा यसलाई अतिरिक्त चुलोको रुपमा पनि लिन सकिन्छ । यसलाई आवश्यकताअनुसार ठूलो-सानो पनि बनाउन सकिन्छ ।

### दुई मुखे चुलो- समान /फरक सतह

यो चुलो ६-१० जनाको परिवारको लागी ठीक हुन्छ । यसको भाँडा राख्ने दुवै मुखहरु फरक सतहमा हुने हुँदा खाना पकाउँदा भाँडाहरु आपसमा ठोकिदैनन् (रोजाइ अनुसार समान सतहको पनि बनाउन सकिन्छ) । यसका दुवै मुखलाई एकै चोटि प्रयोग गर्नुपर्दछ । यसलाई पनि आवश्यकतानुसार ठूलो-सानो बनाउन सकिन्छ ।







### तीन मुखे चुलो - फरक सतह

यसमा तीन वटा फरक किसिमको भाँडाको साइज बसाल्न मिल्ने गरी चुलोमा तीन फरक गोलाकारका प्वालहरू रहेका हुन्छन् । यो चुलोमा भने नौदेखि दश जनासम्मको लागी खाना पकाउन उपयुक्त हुन्छ साथै व्यवसायीक प्रयोजन जस्तै होटल, लज, होस्टल आदीको लागी उपयुक्त चुलो हो । यो चुलो समान सतह, फरक सतह गरी दुई किसिमले बनाउन सकिन्छ ।

### तीन मुखे बहुउद्देश्यीय चुलो

यो चुलो खासगरि चिया, खाजा तथा खाना पाइने साना होटलहरुका लागि ठीक हुन्छ । यसलाई पनि आवश्यकतानुसार ठूलो-सानो बनाउन सकिन्छ





घरायसी रकेट चुलो (सार्न नमिल्ने)

## घरायसी रकेट चुलो

दाउराको धेरै बचत गर्ने र खाना छिटो पकाउने क्षमता भएको घरायसी रकेट चुलो आवश्यकताअनुसार ठूलो-सानो गरी ४-१० जनाको परिवारलाई ठीक हुने गरी बनाउन सकिन्छ। यसमा आगो एकदमै राम्रोसँग बल्ने हुँदा भान्छा भित्र धुवाँ परम्परागत चुलोको तुलनामा नगन्य हुन्छ। यसलाई निश्चित ठाउँमा जडान गर्न वा सार्न मिल्ने गरी पनि बनाउन सकिन्छ।



कोनिकल रकेट चुलो



कोनिकल रकेट चुलो (सार्न मिल्ने)

## व्यवसायिक (संस्थागत) रकेट चुलो

यो चुलो खासगरी व्यवसायिक प्रयोजन जस्तै चिया, खाजा तथा खाना बनाइने साना तथा मझौला होटलहरुका लागि ठीक हुन्छ। धेरै पशुहरु भएको अवस्थामा कुँडो (खोले) पकाउन र दूध तताउन पनि यसको प्रयोग गर्नु राम्रो हुन्छ। यसलाई पनि आवश्यक्तानुसार ठूलो-सानो बनाउन सकिन्छ।



व्यवसायीक (संस्थागत) रकेट चुलो







- माथी उल्लेखित सबै प्रकारका चुलोहरु आफुसँगै भएका भाँडाहरु मध्ये धेरैजसो प्रयोग हुने भाँडाहरुलाई मिल्ने गरी बनाउन सकिन्छ।
- माटोको चुलो तालिम प्राप्त स्टोभ मास्टरलाई मात्र बनाउन लगाउनु पर्छ। उल्लेख गरिएका भन्दा बाहेक विभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय उद्योगहरुमा निर्मित उच्च गुणस्तर भएका विभिन्न मोडलका चुलोहरु पनि बजारमा उपलब्ध छन्।

नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
**राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम/जैविक ऊर्जा सव-कम्पोनेन्ट**
सम्पर्क: पोष्ट बक्स नं.: १४३६४, खुमलटार, ललितपुर, नेपाल, फोन नं. +९७७-१-५५३९३९० फ्याक्स: +९७७-१-५५४२३९७